नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग
(सुचना व्यवस्थापन शाखा)

फोन: ४११२७१७
४११२५५१
४११२७५३
फ्याक्स : ४११२६५२
doinepal26@gmail.com
doinepal21@gmail.com
www.doinepal.gov.np

प.सं. : २०७४/७५
च.नं. ३३६

मिति : २०७४।०६।३१

## अनलाइन सञ्चारमाध्यम दर्ता गर्ने सम्बन्धी सूचना ।

श्री सूचना तथा सञ्चार मन्त्रालयको प.स. ०७४।७५, च.न. प्रेस-२२।८८, मिति २०७४।०६।२६ को पत्रानुसार अनलाइन सञ्चार माध्यम सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७४ को दफा ३ उपदफा २ मा रहेको व्यवस्था अनुसार अनलाइन सञ्चार माध्यम मार्फत अनलाइन पत्रकारिता गर्न चाहने व्यक्ति वा संस्थाले आफ्नो सञ्चारमाध्यम विभागले तोकेको अवधी भित्र यस विभागमा दर्ता गरि सञ्चालन गर्नु पर्ने व्यवस्था रहेको छ । सोही बमोजिम हालसम्म पनि अनलाइन सञ्चारमाध्यम सञ्चालन दर्ता प्रमाणपत्र नलिनु भएका सञ्चारमाध्यमहरुले मिति २०७४ कार्तिक १ देखि मिति २०७४ मंसिर मसान्तभित्र सोही निर्देशिकाको दफा ४ बमोजिमका कागजातहरु संलग्न राखि आफ्नो सञ्चारमाध्यम दर्ता गराउनुहुन अनुरोध छ । साथै दर्ताको आवश्यक फाराम यस विभागको वेभसाइट www.doinepal.gov.np/downloads बाट डाउनलोड गर्न सक्नुहुनेछ । थप जानकारीको लागि यस विभागमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

२१।२९।७।तो।
सरस्वती महर्जन
(शाखा अधिकृत)